नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

# घरबारी पोषण बगैंचा स्थापना तथा सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
हरिहरभवन, ललितपुर

# घरबारी पोषण बगैंचा स्थापना तथा सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७/०६/२६

<u>प्रस्तावनाः</u> खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले जलवायु तथा पोषण मैत्री बालीनाली तथा पशुपन्छी सम्बन्धी प्रविधिहरूको अवलम्बनबाट दुई वर्षसम्मका बालबालिका, किशोरी, गर्भवती एवं सुत्केरी महिला जस्ता पोषण सुरक्षाका दृष्टिकोणले संवेदनशील समूहको खानपान तथा हेरचाहमा सुधार गर्दै पोषकतत्वको उपयोग तथा स्थानीय खाद्यवस्तु उत्पादनमा विविधिकरण एवं सुधार र खाद्य परिकार निर्माणमा विविधता ल्याई पोषण सुरक्षामा सुधार ल्याउने अभिप्रायले आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम घरबारी पोषण बगैंचा कार्यक्रम सञ्चालन गर्न यो **"घरबारी पोषण बगैंचा स्थापना तथा सञ्चालन कार्यविधि २०७७"** तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद– १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "घरबारी पोषण बगैंचा स्थापना तथा सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषाः</u> (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना व्यवस्थापन इकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **"आयोजना क्लष्टर इकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर इकाईहरूलाई सम्झनु पर्दछ ।

(घ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(च) **"आमा समूह"** भन्नाले गाउँपालिका वा अन्तर्गतको निकायमा दर्ता भएका स्वास्थ्य तथा पोषण सम्बन्धी कृयाकलापमा संलग्न आमा समूहहरूलाई सम्झनु पर्दछ ।

(छ) **"जलवायु तथा पोषण मैत्री प्रविधि"** भन्नाले आयोजनाले प्रवर्द्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण वा जलवायु परिवर्तनको असर न्यूनीकरण वा अनुकूलन र पोषण



सचिव

सुरक्षा प्रवर्द्धन गर्न तथा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रविधिहरूलाई सम्झनुपर्छ।

(ज) **"लाभग्राही"** भन्नाले आयोजनाबाट प्रत्यक्ष सेवा प्राप्त गर्ने कृषक समूह वा कृषक समुहका सदस्यहरूलाई सम्झनुपर्छ ।

(झ) **"घरबारी पोषण बगैंचा"** भन्नाले पोषण सुधारका लागि आमा समूहका सदस्यहरूको घरघरमा मौसम (**Season**) अनुसारका पोषिला तरकारी तथा फलफुल बाली खेती र अण्डा तथा मासु दुवै प्रयोजनका लागि पालिने घरायसी कुखुरा पालन तथा पोषण सुधार कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ञ) **"नमुना प्रदर्शन फार्म"** भन्नाले पोषण सुधारका लागि आवश्यक पर्ने पोषिला फलफुल, तरकारी खेती र घरायसी कुखुरा पालनको सिकाई थलोको रूपमा स्थापना गरिने पोषण बगैंचालाई सम्झनु पर्दछ ।

(ट) **"निर्देशक समिति"** भन्नाले गाउँपालिका तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई सम्झनु पर्दछ ।

(ठ) **"आयोजना सहजकर्ता"** भन्नाले आमा समूहका सदस्य परिवारहरूको पोषण सुधारमा प्राविधिक सहयोग पुर्याउन प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थाहरूबाट गाउँपालिकामा खटाइएका कर्मचारी सम्झनु पर्दछ ।

(ड) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्य:</u> (१) यस कार्यविधिका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्

(क) पोषण सुरक्षाका दृष्टिकोणले संवेदनशील समूह सदस्यहरू मुख्यतः दुई वर्षसम्मका बालबालिका, किशोरी, गर्भवती एवं सुत्केरी महिलाहरूको पोषण सम्बन्धी चेतना अभिवृद्धि गरी खानपानमा सुधार ल्याउनु ।

(ख) स्थानीय खाद्यवस्तु उत्पादनमा विविधिकरण एवं सुधार र खाद्य परिकार निर्माणमा विविधता ल्याई पोषण सुरक्षामा सुधार ल्याउनु ।

४. <u>कार्य क्षेत्र:</u> (१) यो कार्यक्रम आयोजना लागु भएका आठ जिल्लाका १६ गाउँपालिकाहरू कार्यक्षेत्र हुने गरी सञ्चालन गरिनेछ ।

सचिव

## परिच्छेद – २
## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **लक्षित वर्ग तथा समूह गठनः** (१) यो कार्यक्रम खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भूकम्प र बाढी पीडित, खाद्य असुरक्षित, दलित र पिछडिएका, आदिबासी, महिला र विस्थापित समुदायलाई लक्षित गरिनेछ ।

(२) आयोजना क्लष्टर इकाईले गाउँपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति लगायतका सरोकारवालाहरूको समन्वयमा लक्षित वर्ग समावेशका लागि आयोजना लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरू मध्ये खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा संवेदनशील आमाहरू, दुई वर्षसम्मका बालबालिका, किशोरी, गर्भवती, सुत्केरी एवं प्रजनन् उमेर समूहका महिलाहरू एवं महिला स्वास्थ्य स्वयम् सेविका सम्लग्न गरी आमा समूह /पोषण आमा समूह गठन/पुनर्गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठन भएको आमा समूह सम्बन्धित गाउँपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ । आमा समूहलाई समूह परिचालन तथा आयोजना बारे अभिमुखीकरणका साथै अनिवार्य रूपमा आमा समूहको नाममा बैंक खाता खोल्न लगाइनेछ ।

(४) उपदफा (२) बमोजिम गठन भएको आमा समूहमा दफा ६ बमोजिम नमुना प्रदर्शन फार्म स्थापना तथा दफा ७ बमोजिम घरबारी पोषण बगैंचा सञ्चालन गरिनेछ।

६. **नमुना प्रदर्शन फार्म स्थापनाः** (१) प्रत्येक आमा समूहमा एउटा नमुना प्रदर्शन फार्म स्थापना गरिनेछ। नमुना प्रदर्शन फार्म स्थापना तथा सञ्चालन गरिने आधार उपदफा (२) बमोजिम हुनेछ ।

(२) (क) पहाडमा कम्तीमा १ रोपनी र तराईका लागि १.५ कठ्ठा क्षेत्रफल भएको सिँचाइयोग्य जग्गा र सकभर सिँचाइका लागि पानीको स्रोत भएको वा सिँचाइको व्यवस्था गर्न सकिने स्थानमा हुनुपर्नेछ ।

(ख) स्थान निर्धारण गर्दा समूहका सदस्यहरूको सहमतिमा पायक पर्ने क्षेत्रमा गरिनेछ।

(ग) नमुना प्रदर्शन फार्म सञ्चालन गर्न सम्भव भएसम्म महिला स्वास्थ्य स्वयम् सेविकालाई प्राथमिकता दिइनेछ ।

(घ) नमुना प्रदर्शन फार्म सञ्चालन गर्ने घरमा कम्तीमा एकजना साक्षर सदस्य हुनुपर्नेछ ।

(३) नमुना प्रदर्शन फार्ममा सूक्ष्मतत्वयुक्त पोषिला तरकारी बालीहरू र मौसम अनुसार तिनका उपयुक्त जातहरू (अनुसूची १) छनौट गरी तरकारी उत्पादनमा विविधिकरण गर्नु पर्नेछ ।



सचिव

(४) नमुना प्रदर्शन फार्ममा कम्तीमा ४८ वर्ग मिटरको ९० जि.एस्.एम. (GSM) प्लाष्टिक वा जाली घर निर्माण गर्नु पर्नेछ ।

(५) छोटो अवधिमा तयार हुने फलफुल बालीहरू जस्तै मेवा, भुइँकटहर, कागती, सितलचिनी (मोरिङ्गा) आदि जस्ता बालीका न्यूनतम ६ वटा वोटहरु लगाउनु पर्नेछ ।

(६) अण्डा तथा मासु दुवै प्रयोजनका लागि पालिने घरायसी कुखुरा पालन (Dual Purpose Backyard Poultry) का लागि ८ हप्ते चल्ला उपलब्ध गराउनुको साथै सुधारिएको खोर निर्माण गर्नु पर्नेछ।

(७) नमुना प्रदर्शन फार्म स्थापनाका लागि आवश्यक सिँचाइ, बारबन्देज र झोलमोल लगायतका सामग्री खरिद कार्य बजेट सीमाभित्र रही सम्बन्धित आमा समूहले गर्नेछ र सो खर्चको बिल आयोजना क्लष्टर इकाईले आमा समूहको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

७. <u>घरबारी पोषण बगैंचा सञ्चालन:</u> (१) दफा ५ को उपदफा (२) बमोजिम गठन भएको आमा समूहको प्रत्येक सदस्यहरूको घरमा घरबारी पोषण बगैंचा सञ्चालन गरिनेछ। घरबारी पोषण बगैचा स्थापना तथा सञ्चालन गरिने आधार उपदफा (२) बमोजिम हुनेछ ।

(२) (क) परिवारमा कम्तीमा एकजना दुई वर्ष मुनिका बच्चा वा एकजना गर्भवती वा सुत्केरी महिला वा किशोरी वा प्रजनन् उमेर समूहका महिला भएको हुनु पर्नेछ,

(ख) आमा समूहको प्रत्येक सदस्यहरुको घरमा तरकारी खेती गर्न योग्य कम्तीमा ५० वर्ग मिटर जमीन र कम्तीमा ४ वटा फलफुलका विरुवा लगाउन पुग्ने जग्गा उपलब्ध हुनु पर्नेछ,

(ग) स्थान विशेष र आवश्यकता अनुसारका पोषिला ताजा तरकारीहरू बाह्रै महिना उत्पादन गर्न सकिने हुनु पर्दछ,

(घ) घरपरिवारका अन्य सदस्यले सहयोग गरे तापनि पोषण बगैचा सञ्चालनको नेतृत्व महिला सदस्यले गर्नु पर्नेछ ।

(३) आमा समूहका प्रत्येक सदस्यहरूलाई घरबारी पोषण बगैंचामा मौसम अनुसारका तरकारी उत्पादन तथा कुखुरा पालन र उपभोग तथा पोषण सम्बन्धी ज्ञान सीप अभिवृद्धि गर्न मौसम अनुसार कम्तीमा ३ वटा स्थलगत तालिम दिइने छ । यस्तो स्थलगत तालिम नमुना प्रदर्शन फार्म स्थापना भएको स्थानमा सञ्चालन गरिनेछ ।

(४) नमुना प्रदर्शन फार्म र घरबारी पोषण बगैंचा स्थापना तथा सञ्चालनको मुख्य जिम्मेवारी आयोजना क्लष्टर इकाईको सुपरिवेक्षणमा आयोजना सहजकर्ताको हुनेछ ।

(५) आमा समूहका हरेक सदस्यको घरमा घरबारी पोषण बगैंचा स्थापनाको लागि मौसम अनुसार कम्तीमा ५ बालीको तरकारीको बीउ र फलफुलको ४ वटा बिरुवा उपलब्ध गराईनेछ ।

(६) हरेक सदस्यहरुलाई ८ हप्ता हुर्काइएका अण्डा तथा मासु दुवै प्रयोजनका लागि पालिने घरायसी कुखुराका चल्ला पहिलो वर्ष ५ वटा उपलब्ध गराइनेछ ।

सचिव

(७) हुर्काइएका कुखुराका चल्ला सम्भव भए सम्म नेपाल कृषि अनुसन्धान परिषद् वा पशु सेवा विभाग अन्तर्गतका कुखुरा फार्महरुबाट खरिद गर्नु पर्नेछ र कुखुरा चल्लामा ८ हप्ता सम्म लगाई सक्नु पर्ने सम्पूर्ण खोपहरु लगाई सकेको हुनु पर्नेछ ।

(८) उपदफा (५) र (६) अन्तर्गतका सामग्री खरिद बजेट सीमाभित्र रही आमा समूहले गर्नेछ र सो खर्चको बिल आयोजना क्लष्टर इकाईले आमा समूहको बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

## परिच्छेद - ३
## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

८. **अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्थाः** (१) आमा समूहले अनुसूची ३ बमोजिम आफ्नो समूहको अभिलेख राख्नु पर्नेछ र सो को प्रतिवेदन उपदफा (२) बमोजिम आयोजना क्लष्टर इकाईमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख तयार गर्नका लागि गाउँपालिकामा कार्यरत आयोजनाका सेवा प्रदायकहरूले सहयोग गर्ने र सो को प्रगति अनुगमन तथा मूल्याङ्कन अधिकृतले सङ्कलन गरी मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईको हुनेछ साथै आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका वा अन्य निकायसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईले आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।

सचिव

## परिच्छेद - ४
## विविध

९. **आर्थिक पक्षः** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** को अनुसुची **5.1 I** मा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिका आधारमा आमा/पोषण समुहको बैङ्क खाता मार्फत गर्नुपर्नेछ ।

१०. **गुनासो तथा उजुरीः** (१) यस कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै किसिमका उजुरी वा गुनासोहरू आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

११. **अमान्य हुने** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१२. **प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू सोही अनुसार हुने र उल्लेख नभएका विषयहरूको हकमा विद्यमान प्रचलित ऐन, नियम र कानुन बमोजिम हुनेछन् ।

१३. **बाधा अड्काउ फुकाउनेः** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोजना निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. **खारेजी तथा संशोधनः** (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्ने सक्नेछ ।

सचिव

## अनुसूची १

### दफा ६ र ७ संग सम्बन्धित

**केहि मुख्य पोषिला तरकारी बालीहरू, मौसम अनुसार लगाउने समय र तिनका जातहरूको सूची**

१) तराई र ८०० मिटरभन्दा तलका तल्लो पहाड तथा बेंसी क्षेत्रका लागि

| क्र.स. | तरकारी बाली र जात | बीउ जमाउने वा बेर्ना सार्ने समय |
|---|---|---|
| १. | **खुला बारीमा गोलभेडा खेती**<br>श्रृजना, विषेश, सुरक्षा, पुसा रुवी, मन प्रेकश | साउन- कातिक |
| २. | **सिमी**<br>एस-९, चौमासे<br>एस-९, चौमासे<br>पहाडी राजमा, हिमाली राजमा | जेठ-साउन<br>माघ-चैत<br>भदौ-असोज |
| ३. | **गाजर**<br>नान्टिस, च्यान्टेनी, न्यु कुरोडा | भदौ-पुष |
| ४. | **केराउ**<br>सिकिम स्थानीय, आर्केल | भदौ- मंसिर |
| ५. | **काँक्रो**<br>भक्तपुर स्थानीय, प्वाइन्ट सेट, मालिनी, मेजेष्टी | साउन-भदौ<br>पुस-चैत |
| ६. | **मूला**<br>अल सिजन, ४० दिने<br>मिनोअर्लि, प्युठाने रातो<br>टोकीनासी, अल सिजन | साउन-भदौ<br>भदौ-कातिक<br>मंसिर-पुष |
| ७. | **फर्सी**<br>ग्रीनवल, ग्रेकोट, स्थानीय | माघ-साउन |
| ८. | लौका | साउन-भदौ<br>पुस-चैत |
| ९. | **घिरौला**<br>वैशाखी, पुसा सेलेक्सन, स्थानीय आदि | माघ-बैशाख |
| १०. | **करेला**<br>हरियो करेला | साउन-भदौ<br>पुस-चैत |
| ११. | **बन्दा**<br>ग्रीन कोरोनेट, ग्रीन स्टोन, ग्रीन क्राउन, टि-६२१,गोल्डेन एकर आदि | साउन-पुस |
| १२. | **काउली**<br>सिल्भरकप-६० दिने, ह्वाइट टप, ह्वाइट कप, सर्लाही दिपाली आदि<br>ज्यामी, स्नो क्राउन, स्नो मस्टिक, देवी-२<br>काठमाण्डौ लोकल, ज्यापु, माधुरी | साउन-भदौ<br>भदौ- असोज<br>असोज-पुष |
| १३. | **भेडेखुर्सानी**<br>क्यालिफोर्निया वण्डर, सेमेस, बेटार | असार-भदौ<br>पुस-माघ |



सचिव

२) ८००-१२०० मिटरमा अवस्थित तल्लो तथा मध्य पहाडी क्षेत्रका लागि

| क्र.स. | तरकारी बाली र जात | बीउ जमाउने वा बेर्ना सार्ने समय |
|---|---|---|
| १. | खुला बारीमा गोलभेडा खेती<br>श्रृजना, विषेश, सुरक्षा | जेठ-साउन<br>(असार-भदौ) |
| २. | पलाष्टिक घरमा गोलभेडा खेती<br>श्रृजना, मनिषा,थेम्स-१६ वा ६ | बैशाख-जेठ<br>(जेठ- असार) |
| ३. | सिमी<br>एस-९, चौमासे<br>एस-९, चौमासे<br>पहाडी राजमा, हिमाली राजमा | जेठ-साउन<br>माघ-चैत<br>भदौ-असोज |
| ४. | गाजर<br>नान्टिस, च्यान्टेनी, न्यु कुरोडा | भदौ - पुष |
| ५. | केराउ<br>सिकिम स्थानीय, आर्केल | भदौ- असोज |
| ६. | काँक्रो<br>भक्तपुर स्थानीय, प्वाइन्ट सेट, मालिनी, मेजेष्टी | साउन-भदौ<br>पुस-चैत |
| ७. | मूला<br>अल सिजन, ४० दिने<br>मिनोअर्लि, प्युठाने रातो<br>टोकीनासे, अल सिजन | असार-साउन<br>भदौ-कातिक<br>मंसिर-फागुन |
| ८. | फर्सी<br>ग्रीनवल, ग्रेकोट, स्थानीय | माघ-साउन |
| ९. | लौका | साउन-भदौ<br>पुस-चैत |
| १०. | घिरौला<br>वैशाखी, पुसा सेलेक्सन, स्थानीय आदि | माघ-बैशाख |
| ११. | करेला | साउन-भदौ<br>पुस-चैत |
| १२. | बन्दा<br>ग्रीन कोरोनेट, ग्रीन स्टोन, ग्रीन क्राउन, टि-६२१, गोल्डेन एकर आदि | साउन-पुष |
| १३. | काउली<br>सिल्भरकप-६० दिने, ह्वाइट टप, ह्वाइट कप, सर्लाही दिपाली आदि<br>ज्यामी, स्नो क्राउन, स्नो मस्टिक, देवी-२<br>काठमाण्डौ लोकल, ज्यापु, माधुरी | साउन-भदौ<br>भदौ- असोज<br>असोज-पुष |
| १४. | भेडेखुर्सानी<br>क्यालिफोर्निया वण्डर, सेमेस, बेटार | असार-भदौ<br>पुस-माघ |



सचिव

३) १२००-१८०० मिटरमा अवस्थित मध्य पहाडी क्षेत्रका लागि

| क्र.स. | तरकारी बाली र जात | बीउ जमाउने वा बेर्ना सार्ने समय |
|---|---|---|
| १. | **काउली**<br>सिल्भरकप-६० दिने, ह्वाइट टप, ह्वाइट कप, सर्लाही दिपाली आदि<br>न्यामी, स्नो क्राउन, स्नो मस्टिक, देवी-२ आदि<br>काठमाण्डौ लोकल, ज्यापु, माधुरी आदि | असार-साउन<br>भदौ-असोज<br>असोज-पुष |
| २. | **बन्दा**<br>ग्रीन कोरोनेट, ग्रीन स्टोन, ग्रीन क्राउन, टि-६२१आदि | असार-माघ |
| ३. | **ब्रोकाउली**<br>ग्रीन स्प्राउटस् | साउन-मंसिर |
| ४. | **खुला बारीमा गोलभेडा खेती**<br>पुसा रुबी, एन.सी.एल.-१, स्वरक्षा, एन.एस.-७१९, गौरव, श्रृजना आदि | फागुन-चैत<br>(असार-भदौ) |
| ५. | **प्लाष्टिक घरमा गोलभेडा खेती**<br>श्रृजना, अमिता, विनसरी, कविता आदि | बैशाख-जेठ<br>(जेठ- असार) |
| ६. | **सिमी**<br>एस-९, चौमासे<br>पहाडी राजमा, हिमाली राजमा आदि | चैत-असार<br>साउन-भदौ |
| ७. | **केराउ**<br>सिकिम स्थानीय, आर्केल | भदौ- असोज |
| ८. | **गाजर**<br>नान्टिस, च्यान्टेनी<br>न्यु कुरोडा<br>न्यु कुरोडा | साउन-असोज<br>माघ-फागुन<br>जेठ-असार |
| ९. | **मूला**<br>अल सिजन, ४० दिने<br>मिनोअर्लि, प्युठाने रातो<br>टोकीनासी, पुसा चेतकी | जेठ-असार<br>साउन-भदौ<br>मंसिर-फागुन |
| १०. | **काँक्रो**<br>भक्तपुर स्थानीय, प्वाइन्ट सेट, मालिनी, मेजेष्टी | फागुन-बैशाख |
| ११. | **फर्सी**<br>ग्रिनवल, ग्रेकोट, स्थानीय आदि | फागुन-जेठ |
| १२. | लौका | फागुन-बैशाख |
| १३. | **घिरौला**<br>वैशाखी, पुसा सेलेक्सन, स्थानीय आदि | फागुन-बैशाख |
| १४. | **करेला**<br>हरियो करेला | फागुन-बैशाख |



सचिव

## अनुसूची २
## दफा ८ संग सम्बन्धित

क) आमा समूहका सदस्यहरूमा सञ्चालित घरबारी पोषण बगैंचामा तरकारी बालीको उत्पादन स्थिति र हासिल भएका उपलब्धीहरू

गाँउपालिका : वार्ड नं. आमा समूहको नामः

ठेगानाः आर्थिक वर्षः

| क्र.स. | आमा समूह सदस्यको नाम | परिवार सदस्य संख्या | बगैंचाको क्षेत्रफल (व.मी.) | प्रतिदिन सरदर तरकारी खपत (किलो) | तरकारी उत्पादन (किलो) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | हिउँदे याम | बसन्त याम | वर्षा याम |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ..... | | | | | | | |

क) पोषण बगैंचामा लगाइएका मुख्य तरकारी बालीहरूः

हिउँदे यामः

बसन्ते यामः

वर्षा यामः

ख) पोषिला तरकारीहरूको खानपानमा सुधारको अवस्थाः

सचिव

ख) आमा समूहका सदस्यहरूमा सञ्चालित घरबारी पोषण बगैंचा अन्तर्गत घरायसी कुखुरा पालन तर्फको विस्तृत विवरण र प्रगतिको अवस्था

गाँउपालिकाः वार्ड नं. गाउँ/टोलः

आमा समूहको नामः ...... .... ......... महिनाः............... आर्थिक वर्षः .........

| क.सं | आमा समूह सदस्यको नाम | परिवार सदस्य संख्या | प्राप्त कुखुरा चल्ला संख्या | आँफैसंग भएका कुखुरा संख्या | हाल मौजुदा जम्मा कुखुरा संख्या | जम्मा अण्डा उत्पादन गोटा (महिनामा) | फुलपार्ने पोथीको संख्या | अण्डाको प्रयोग* |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ..... | | | | | | | | |
| जम्मा/औसत | | | | | | | | |

*अण्डाको प्रयोग मुख्यतः के का लागि वा कसका लागि गरियो खुलाउने ।

**नोटः**

कुनै महिना कुखुरा मरेमा मरेको संख्या र कारण उल्लेख गर्ने ।

उपरोक्त तालिका अनुसारको तथ्याङ्क नमुना प्रदर्शन फार्मबाट पनि संकलन गर्ने ।

सचिव